# नेपाल र भूटानका महिलाहरू शोषणको सामना गर्दैछन्

## *यू.एन.एच.सी.आर. र सरकारहरूले "एक्सकम" वैठकमा कार्वाही गर्नुपर्छ*

(न्यूयोर्क-२४ सेप्टेम्बर २००३)–"नेपालमा रहेका भूटानी शरणार्थी महिलाहरू लिङ्गमा आधारित हिंसा र सहयोगको पहुँचमा चरणबद्ध भेदभावको सामना गरिरहेका छन्"- ह्यूमेन राइट्स वाच ले आजै सार्वजनिक गरेको एक नयाँ प्रतिवेदनमा भनेको छ । शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय आयोग (यू.एन.एच.सी.आर.) र सरकारहरूबीच आगामी साता हुने वैठकले विश्वब्यापी शरणार्थी ब्यवस्थापनमा हुने यस्ता शोषणहरू उन्मूलन गर्न निर्णायक कार्वाहीको कदम चाल्नुपर्छ ।

ह्यूमेन राइट्स वाच को "असमानताको पासोमा : नेपालका भूटानी शरणार्थी महिलहरू," नामक ७७ पृष्ठको प्रतिवेदनले वलात्कार, घरेलु हिंसा, यौनिक तथा अन्य शारीरिक आक्रमण र शरणार्थी शिविरबाट महिला तथा युवतीको बेचबिखनप्रति यू.एन.एच.सी.आर. र नेपाल सरकारको असन्तुलित चासोका बारेमा परीक्षण गरेको छ । नेपाल तथा पश्चिम अफ्रिकामा सहयोगी कर्मचारीहरूले शरणार्थी महिला तथा युवतीहरूप्रति गरेका यौन दुराचारका घटनाहरूको सन् २००२ मा गरिएको आन्तरिक अनुशन्धानहरुबाट खुलासा भएपछि यू.एन.एच.सी.आर.ले आफ्नु प्रक्रियामा गरेको परिमार्जनका बाब्जुद पनि यस्ता समस्याहरू यथावत रहिरहेका छन् ।

सेप्टेम्बर २९ देखि अक्टोबर ३ सम्म हुने यू.एन.एच.सी.आर. को कार्यकारिणी ("एक्सकम") वैठकमा सहभागि राष्ट्रका सरकारहरू र यू.एन.एन.सी.आर.स्वयंले शरणार्थी महिलाहरूको संरक्षणका लागि प्रतिबद्धता जाहेर गर्न ह्यूमेन राइट्स वाच ले आग्रह गरेको छ ।

"नेपालमा रहेका शरणार्थी महिलाहरूले सहुलियतको निश्पक्ष भाग/अंश पाइरहेका छैनन्"- ह्यूमेन राइट्स वाच का महिला अधिकार शाखाका कार्यकारी निर्देशक लशन आर. जेफर्सनले भन्नुभयो-"महिलाहरूको जीवनमा खतरा पुऱ्याउँने नीतिहरूको टुङ्गो लगाउन यू.एन.एच.सी.आर.ले अब धेरै पर्खन हुदैन । नेपाल सरकारले पनि यो जटील समस्यामा चासो देखाउँनुपर्छ ।"

यू.एन.एच.सी.आर.लाई आर्थिक अनुदानको महत्वपूर्ण अंश दिने दाता राष्ट्रहरूले यस्ता परिवर्तनहरू अपनाउन पक्का गर्नको लागी ह्यूमेन राइट्स वाच ले आह्वान गरेको छ । शरणार्थी महिलाहरूले उनीहरूको आफ्नै पञ्जिकरण प्रमाणपत्र प्राप्त गरेका र घरेलु हिंसाबाट पीडित शरणार्थी महिलाहरूले सुरक्षाको अनुभूति गर्न पाएका यू.एन.एच.सी.आर. लगायत सरकारहरूले निश्चित गर्नुपर्छ ।

पुरुष घरमूली मार्फत राषन वितरण गरी नेपालको पञ्जिकरण ब्यवस्थाले महिला बिरुद्ध भेदभाव गर्दछ । यो नीतिले महिलाहरूलाई खाद्य, बसोबास र अन्य सामग्रीको प्राप्तिमा समान र स्वतन्त्र पहुँचका लागि निषेध गर्दछ र शोषणजन्य विवाहबाट उम्कन खोज्ने महिलाहरूलाई निश्चित किसिमको बुहार्तन थोपर्छ । यी महिलाहरूले कि त हिंसात्मक सम्बन्धमा कायम गर्नुपर्छ, कि सम्बन्ध बिच्छेद गर्नुपर्छ (र यसकै कारण सहुलियतको पूरा भागबण्डा त्याग्नुपर्छ), अथवा अर्को पुरुषसित विवाह गनुपर्दछ, जसबाट तिनीहरूले आफ्ना बालबच्चाको अधिन गुमाउन पुग्दछन् ।

यू.एन.एच.सी.आर.ले रिपोर्टिङ, कार्यकर्ता नियुक्ति, कानूनी सहयोग र सहयोगी कर्मचारीहरूका लागि निर्देशिका जारी गर्ने प्रक्रियामा ब्यापक परिमार्जन गरेको छ, तर पनि सो चिन्ताको समस्य कायम छ, ह्यूमेन राइट्स वाच ले भनेको छ । शरणार्थी शिविर ब्यवस्थापन र नेपाली प्रशासनले बेलाबखत घरेलु हिंसालाई "पारिवारिक सहमति"को आधारमा समाधान गर्दछन् र महिलाहरूको चाहना, सुरक्षा र सेवामा उनीहरूको पहुँचका लागि ध्यान पुऱ्याउँदैनन् । यू.एन.एच.सी.आर.ले सन् २००१ यता शिविरमा जम्मा २४ वटा आत्माहत्याका मुद्दाहरूको तथ्याङ्क भेला गरेको थियो, जुन स्थानीय जनसंख्यामा चौ गुणा अधिक आत्मा हत्याको दरमा थियो । अझ ३५ जना महिला र युवतीहरू शिविरबाट हराइरहेका छन्, शायद ती बेचबिखनका पीडित बनेका हुनसक्छन् ।

ह्यूमेन राइट्स वाचको प्रतिवेदनले यौन हिंसा बिरुद्ध मुद्दा दायर गर्नबाट नेपाली कानूनले कसरी रोक लगाउँछ भन्ने कुरा देखाउँछ । नेपालमा घरेलु हिंसाको व्यवस्थापनका लागि विशेष न्यायप्रणाली छैन । उजूर गर्ने ३५ दिने म्याद र बोझिलो स्वस्थ्य प्रतिवेदन (मेडिकल रिपोर्ट) को प्रक्रियाका कारण वलात्कारका पीडितहरूले प्रहरीसमक्ष शिकायत गर्न र अपराधको मुद्दा दायर गर्न रोक लगाउँदछ । यिनै वाधाहरूका कारण सन् २००२ को अक्टोवरमा सहयोगी कर्मचारी र नेपालका सरकारी कर्मचारीहरू बिरुद्ध "यौन दुराचार"को अभियोगमा मुद्दा दायर गर्न रोक लगाएको थियो ।

"नेपालमा महिलाहरूको वैधानिक दर्जा र हिंसा बिरुद्ध कदम चाल्ने उनीहरूको अवसर ठूलो गहिराईमा छ ।" जेफर्सनले भन्नुभयो-"यू.एन.एच.सी.आर. र अन्य मानवीय संस्थाहरूले नेपालमा न्यायिक परिवर्तनका लागि वकालत गर्नुपर्छ ।"

सन् २००२ मा शरणार्थी सहयोग कार्यक्रमका कर्मचारीहरूले "यौन दुराचार" गरेको उजूर परेपछि यू.एन.एच.सी.आर.ले अधिक लापर्वाही गरेको आधारमा नेपालका तीनजना अन्तर्राष्ट्रिय स्थाई कर्मचारीहरूलाई बर्खास्त गरेको थियो । अघि सारिएका अनुशासनका कार्वाहीहरू बारे जानकारी उपलब्ध गराई यू.एन.एच.सी.आर.ले आफ्ना कर्मचारी र साझेदारहरूमा पारदर्शिताको प्रबर्द्धन र दायित्ववोधको स्तर स्थापित गर्नुपर्दछ ।

यू.एन.एच.सी.आर. लगायत दाताहरूले नेपाल र भूटानलाई लामो समयदेखि रहेको शरणार्थी समस्यालाई अन्तर्राष्ट्रि मापदण्ड र समय निर्धारित ढाँचामा समाधान गर्न दवाब बृद्धि गर्नुपर्छ । एकलाख भन्दा बढी भूटानी शरणार्थीहरू दक्षिण पूर्वी नेपालका सातवटा शिविरहरूमा बसीरहेका छन् जो सन् १९९० मा मनोमानीपूर्ण ढंगबाट नागरिकता खोसिएर भूटानबाट धपाइएका थिए । यो साता हालचालै हुँदै गरेको शरणार्थी प्रमाणिकरणका बारेमा छलफल गर्न भूटान र नेपालले न्यूयोर्कमा भेटघाट गर्दैछन् जुन् प्रमाणिकरणले २.५ प्रतिशत शरणार्थीलाई मात्र नागरिकताको पूर्ण प्रतिबद्धताका साथ भूटान फिर्तीका लागि ग्राह्य बनाएर अरु सबैलाई अनिश्चित र सम्भावित राज्यविहीनता तर्फको भविष्यमा छोडिदिएको देखिन्छ । यो प्रक्रियाले अन्तार्राष्ट्रिय मापदण्ड कायम गर्न विफल भएको छ भने यसले महिलाहरूलाई अर्थपूर्ण सहभागिताबाट विमुख गराएको छ ।

प्रतिवेदनमा दर्शाइएका भूटानी शरणार्थी महिलाका मुद्दाहरू:
(गोप्यता कायम गर्न उपनामहरू प्रयोग गरिएको छ)

गीता म. ले ह्यूमेन राइट्स वाच लाई बताए अनुसार उनको लोग्नेले उनलाई लगातार कुट-पिट गर्ने र खाना तथा अन्य सामग्री नदिने धम्की दिन्थे ।
*"कुनैबेला मैले कुटाई खान्थें र रक्ताम्मे हुन्थें । मेरो श्रीमानले कान्छी स्वास्नी ल्यायो । म सहमत भईन.....। उसले भन्यो - "मलाई कान्छी स्वास्नी ल्याउन दिइनस् भने, राषन कार्ड मेरै नाममा छ, म सबैथोक लान्छु ।" मैले श्रीमानलाई 'हेल्थ' कार्ड र राषन कार्ड मागें तर उनीहरूले दिंदैनन्...। मैले छुट्टै राषन कार्ड लिने सिफारिष पनि पाएको छुइन ।*

एक अर्की महिला दुर्गा स. ले ह्यूमेन राइट्स वाच लाई भनिन्-
*"म जहिलेपनि कसैसित बात गर्दा मेरो लोग्नेले शङ्का गर्छ । उसले कान्छी स्वास्नी ल्याएपछि मलाई लगातार कुट्छ । मेरो तिघ्रामा निला डामहरू थिए । मलाई उसले हात र पेटीले समेत पिटेको थियो । उसले मलाई कुटीहाल्यो, मैले किन सबैलाई देखाउनु ? मान्छेहरूले हाम्रो बारेमा खराब कुरा गर्छन् । मेरो लोग्नेले मलाई मारेर पर फ्याँक्ने धम्की दिने गरेको छ । मैले कसैलाई यस्तो कुराको शिकायत गरेको उसलाई शंका लाग्यो भने मलाई उसले पिट्ने गरेको छ ।"*

प्रतिवेदन पेश भई सके पछि भने http://www.hrw.org/reports/2003/nepal0903 मा पाउन सकिन्छ ।